**हेटौडा उपमहानगरपालिकाको विशेष नगरसभा बैठक मिति २०७५ साल जेष्ठ ७ गते बिहान ११.०० बजे नगर प्रमुख श्री हरि बहादुर महतज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमका निर्णयहरू गरियो ।**

**निर्णय नं. १ :**

यस उपमहानगरपालिकाको लागि तत्काल आवश्यक पर्ने देहाय बमोजिमका विधेयकहरु स्वीकृत गर्ने निर्णय गरियो ।
क)कर तथा गैरकर राजश्व लगाउने तथा उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
ख)प्रशासकीय कार्यविधि(नियमित गर्ने) विधेयक, २०७५
ग)विपद् तथा जोखिम न्युनिकरण तथा व्यवस्थापन गर्ने बनेको विधेयक, २०७५
घ)स्वास्थ्य तथा सरसफाई सेवा विधेयक, २०७५

**निर्णय नं. २ :**

यस उपमहानगरपालिकाको आर्थिक ऐन २०७४ मा देहाय बमोजिमको संशोधन(थप) गर्ने निर्णय गरियो ।
क)आर्थिक ऐन २०७४ को दफा १७ मा १७(क) थप गर्ने
ख)दफा १७(क)को कार्यान्वयनका लागि अनुसुचि १६ थप गर्ने
ग)काठ दाउराको निकासीमा देहाय बमोजिमको  कर लगाउने
१)सालको गोलिया ए ग्रेड प्रति क्यु.फिट रु.१००।–
२)सालको गोलिया बी ग्रेड प्रति क्यु.फिट रु.७५।–
३)सालको गोलिया सी ग्रेड प्रति क्यु.फिट रु.५०।–
४)कु काठ गोलिया प्रति क्यु.फिट रु.४०।–
५)सालको दाउरा प्रति चट्टा रु.२०००।–
६)कु काठको दाउरा प्रति चट्टा रु.१०००।–
घ)घाट गद्धि वापत :
  १)अन्य गाउंपालिका /नगरपालिकाबाट ल्याएको प्रति क्यु.फिट रु.१०।–
  २)दाउराको हकमा प्रति चट्टा रु.२००।–

**निर्णय नं. ३ :**

विनियोजन ऐन २०७४ अनुसार स्वीकृत योजनाहरु मध्ये केही योजनाहरु संशोधन गर्न वडा कार्यालयबाट समेत माग भई आएकोमा स्वीकृत बजेटको परिधि भित्र रही पेश भए बमोजिमका योजनाहरु संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस उपमहानगरपालिकाको लागि मेलमिलाप कर्ताहरुको सुचि न्यायिक समितिबाट सिफारीस भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

यस उपमहानगरपालिका भित्र आकस्मिकरुपमा गर्नु पर्ने कामको लागि कार्यालयको लोडर, ग्रेडर, रोलर लगायतका यन्त्र उपकरणहरु निशुल्क प्रयोग गर्ने क्रममा भएको २०७५ जेष्ठ ६ गते सम्मको इन्धन लगायतका सम्पूर्ण खर्चहरु समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

नगर प्रमुखको निर्णयानुसार विभिन्न शिर्षकहरुबाट खर्च गर्नेगरी मिति २०७५ जेष्ठ ६ गते सम्म कार्यान्वयन भएका सम्पूर्ण योजना/कार्यक्रमहरु समर्थन गर्ने निर्णय गरियो ।